# सार्वजनिक सेवा बडापत्र

## (Public Service Charter)

## सरल, सहज र प्रभावकारी सेवा
## राजदूतावासको प्रतिबद्धता

नेपाली राजदूतावास
नयाँ दिल्ली

फोन नं. २३४७६२००, २३४७६२५०

# नेपाली राजदूतावास, नयाँ दिल्लीबाट प्रदान गरिने सेवाहरू

| क्र.सं. | सेवा | आवश्यक कागजात/प्रक्रिया | राजस्व दस्तुर (भा.रु.) | समय सीमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | आधार कार्डको आवेदनका लागि जारी गरिने Limited Validity Identity Card | क) Limited Validity Identity Card का लागि दिइएको निवेदन।<br>ख) भारतमा १८२ दिन वा सो भन्दा बढी समय बसेको प्रमाणित हुने नोटरीले प्रमाणित गरेको घर भाडा सम्झौता (Rent Agreement)।<br>ग) कुनै व्यक्ति आफू काम गर्ने सरकारी वा निजी कम्पनीले उपलब्ध गराएको आवास गृहमा बसिरहेको भएमा १८२ दिन वा सो भन्दा बढी समय बसिरहेको ब्यहोरा उल्लेख भएको कार्यालयको आधिकारिक पदाधिकारीले हस्ताक्षर गरेको पत्र।<br>घ) भारत सरकारको आधिकारिक निकायमा दर्ता भएका मठ, मन्दिर, गुम्बा आदिमा बसोवास गरिरहेकाहरूको हकमा सम्बन्धित मठ, मन्दिर, गुम्बाले उक्त व्यक्ति तत् तत् स्थानमा १८२ | निःशुल्क | १ कार्य दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दिन वा सो भन्दा बढी समयदेखि बसिरहेको कुरा उल्लेख गरी लेखिएको आधिकारिक पत्र।<br>ङ) विश्वविद्यालय/कलेजहरूमा अध्ययनरत विद्यार्थीहरुका हकमा सम्बन्धित विश्वविद्यालय/कलेज/होस्टेलले १८२ दिन वा सो भन्दा बढी समयदेखि बसिरहेको कुरा उल्लेख गरी लेखिएको आधिकारिक पत्र।<br>च) हालसालै खिचिएको निवेदकको २ प्रति फोटो। | | | |
| २. | भारतीय बैंकमा खाता खोल्नका लागि जारी गरिने सिफारिस पत्र | क) सिफारिस पत्रका लागि निवेदन।<br>ख) आफू बसोवास गरिरहेको घरको घरभाडा सम्झौता पत्र।<br>ग) नेपाली नागरिकता/राहदानी/राष्ट्रिय परिचय पत्र।<br>घ) विश्वविद्यालय/कलेजहरूमा अध्ययनरत विद्यार्थीहरुका हकमा सम्बन्धित विश्वविद्यालय/कलेजले निवेदक बसोवास गर्ने ठेगान उल्लेख गरी सिफासिससाथ लेखिदिएको पत्र। | निःशुल्क | १ कार्य दिन | |
| ३. | भारतका अस्पतालहरूमा मानव | क) सिफारिस पत्रका लागि दिएको निवेदन।<br>ख) कन्सुलर सेवा विभागको सिफारिस पत्र। | निःशुल्क | १ कार्य दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अंग प्रत्यारोपणका लागि जारी गरिने सिफारिस पत्र | ग) स्वास्थ्य मन्त्रालयको No objection Letter ।<br>घ) नेपालको मेडिकल बोर्डको निर्णय सहितको सिफारिस पत्र।<br>ङ) बीर अस्पतालको सिफारिस पत्र।<br>च) स्थानीय निकायबाट जारी भएको बिरामी र दाताको नाता प्रमाणपत्रको प्रतिलिपि।<br>छ) प्रमुख जिल्ला अधिकारीको कार्यालय/स्थानीय निकाय (नगरपालिका/गाउँपालिका) को सिफारिस पत्र।<br>ज) विरामी र दाताको नागरिकता प्रमाणपत्र /राहदानीको प्रतिलिपि।<br>झ) मृगौला/कलेजो दान गर्नेको निजले अङ्ग दान गरेमा निज र निजको परिवारको कुनै आपत्ति नहुने आशयको मन्जुरीनामा/सहमति पत्र ।<br>ञ) बिरामी र दाताको २/२ प्रति फोटो । | | | |
| ४. | औषधी उपचारमा सहजीकरणका लागि जारी गरिने सिफारिस पत्र | क) सहजीकरणका लागि अनुरोध गर्दै राजदूतावासलाई सम्बोधन गरी लेखिएको निवेदन।<br>ख) मेडिकल रिपोर्ट/चिकित्सकको Prescription/Referral पत्र।<br>ग) नेपाली नागरिकता/राहदानी/राष्ट्रिय परिचय पत्र | निःशुल्क | १ कार्य दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ) बालबालिकाहरूको हकमा जन्म दर्ता प्रमाणपत्र। | | | |
| ५. | विश्वविद्यालयमा भर्ना तथा छात्रवृत्तिका लागि जारी गरिने सिफारिस पत्र | क) सहजीकरणका लागि अनुरोध गर्दै राजदूतावासलाई सम्बोधन गरी लेखिएको निवेदन।<br>ख) नागरिकता/राहदानीको प्रतिलिपि।<br>ग) भर्ना हुन चाहेको एक तह मुनिको शैक्षिक प्रमाणपत्र र मार्कसीटको प्रतिलिपि।<br>घ) विश्वविद्यालयको Offer Letter को प्रतिलिपि।<br>ङ) | निःशुल्क | १ कार्य दिन | खुला विश्वविद्यालय बाहेकका विश्व विद्यालयहरूका हकमा राहदानीको प्रतिलिपि अनिवार्य। |
| ६. | मृतकको शव नेपाल पठाउन जारी गरिने सिफारिस पत्र | क) शव नेपाल लैजाने मृतकका आफन्तको निवेदन तथा नागरिकता प्रमाणपत्र/राहदानी/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।<br>ख) मृतकको नेपाली नागरिकता प्रमाणपत्र/राहदानी/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।<br>ग) सम्बन्धित अस्पतालद्वारा जारी गरिएको मृत्यु प्रतिवेदन (Death report)।<br>घ) आत्महत्या वा दुघटनामा परी मृत्यु भएकाको हकमा प्रहरी प्रतिवेदनको प्रतिलिपि। | निःशुल्क | १ कार्य दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | भारतीय विमानस्थलबाट वैदेशिक यात्रा गर्दा जारी गरिने सिफारिस पत्र | क) सम्बन्धित व्यक्तिको निवेदन।<br>ख) निवेदकको पासपोर्ट तथा भिसाको प्रतिलिपि।<br>ग) निवेदकको हवाई टिकट तथा भिजिट भिसा भए दुई तर्फी हवाई टिकटको प्रतिलिपि।<br>घ) भ्रमणको औचित्य पुष्टि हुने कागजहरु<br><br>**- कम्पनीको काममा जानेको हकमा**<br>आफू कार्यरत कम्पनीको सिफारिस, बैंक स्टेटमेन्ट, जी.एस.टी सर्टिफिकेट, Sponsor को पासपोर्ट तथा भिसा कपी<br>**- पारिवारिक भिसामा जानेको हकमा**<br>विवाह दर्ता तथा जन्म दर्ता, नाता खुल्ने कागजात (परिवार वा आफन्तसँग भेट गर्न जान चाहनेको हकमा)<br>**- विदेशी शिक्षण संस्थामा अध्ययन गर्न जान चाहनेको हकमा**<br>शिक्षा मन्त्रालयबाट जारी भएको शैक्षिक एन.ओ.सी,<br>**- रोजगारदातासँग यात्रा गर्नेको हकमा**<br>निवेदक तथा रोजगारदाताको भिसा, पासपोर्ट, र हवाई टिकटको प्रतिलिपि, | १०००।- | १ कार्य दिन | - सिफारिस पत्र जारी भएको दिनदेखि ७ दिनसम्म मान्य हुने ।<br>- श्रम स्वीकृति भएकाहरूलाई सिफारिस पत्र आवश्यक नपर्ने।<br>- भारतीय विमानस्थल प्रयोग गरी साउदी अरेबिया, युएई, ओमान, कुवेत, कतार, बहराइन, इराक, लिबिया र लेबनान जाने नेपाली नागरिकहरूलाई मात्र सिफारिस पत्र आवश्यक पर्ने।<br><br>* राजदूतावासको सूचना Link…<br><br>**भारतीय विमानस्थल प्रयोग गरी रुसको** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | होटल बुकिङ्ग साथै निजलाई फर्काएर भारत नै ल्याउने ब्यहोराको जमानीपत्र।<br>**- उद्योगी, व्यवसायीहरुका हकमा**<br>फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि। | | | **यात्रा गर्ने नेपाली नागरिहरूका हकमाः**<br>- कन्सुलर सेवा विभाग वा नेपाली राजदूतावास मस्कोको सिफारिस पत्र। |
| ८. | भारतमा विवाहदर्ताको लागि जारी गरिने सिफारिस पत्र | क) सम्बन्धित व्यक्तिहरुको आवेदन।<br>ख) स्थानीय निकायबाट जारी भएको र कन्सुलर सेवा विभागबाट प्रमाणित भएको अविवाहित/ एकल भएको अवस्था (Single status) प्रमाणपत्र।<br>ग) आमा/बुवाको सहमतिपत्र ।<br>घ) आमा/बुवाको नागरिकता वा पासपोर्टको प्रतिलिपि।<br>ङ) दुलाहा, दुलहीको नागरिकता वा पासपोर्ट प्रतिलिपि।<br>च) सामाजिक रुपमा बिवाह भैसकेकाको हकमा विवाहको समयमा खिचिएको फोटो । | ३५००।- | १ कार्य दिन | सम्बन्धित दुवै जना स्वयं उपस्थित हुनुपर्ने। |
| ९. | कागजात प्रमाणीकरण | क) नेपाल सरकारका विभिन्न निकायहरूबाट जारी भएका कागजपत्रहरू (शैक्षिक प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र, जन्म दर्ता, सवारी चालक अनुमतिपत्र, प्रहरी चारित्रिक प्रमाणपत्र आदि) | - मञ्जुरीनामा, जमानतपत्र, बिवाहदर्ता प्रमाणपत्र, नाता प्रमाणपत्र, वैवाहिक अवस्थाको प्रमाणपत्र, | १ कार्य दिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएको सक्कल तथा छायाँप्रति।<br>ख) भारत सरकारबाट जारी भएका कागजपत्रहरू भारतको विदेश मन्त्रालयबाट प्रमाणीकरण भएको सक्कल तथा छायाँप्रति।<br>ग) अन्य विभिन्न मुलुकका सरकारी निकायहरूबाट जारी भएका कागजातहरू सम्बन्धित मुलुकका भारतस्थित राजदूतावासबाट प्रमाणीकरण भएको सक्कल तथा छायाँप्रति।<br>घ) कागजात प्रमाणीकरणका लागि आउने सेवाग्राहीको नागरिकता/राहदानी/राष्ट्रिय परिचय पत्रको छायाँप्रति। | जन्मदर्ता/मृत्यु दर्ता/सम्बन्ध विच्छेद प्रमाणपत्र प्रमाणीकरणका लागि- ३५००।—<br>- शैक्षिक प्रमाणपत्र एवं अध्ययन प्रयोजनका लागि आवश्यक पर्ने विभिन्न कागजात प्रमाणीकरणका लागि- ५००।—<br>- बैंक तथा वित्तीय संस्था बाट जारी भएका कागजात प्रतिलिपि प्रमाणीकरण, बसाइँ सराइँ, प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणका लागि- ४५००।- | | |
| १०. | अधिकृत वारेशनामा | क) वारेशनामा दिने र लिनेको नागरिकता वा राहदानीको सक्कल तथा छायाँप्रति।<br>ख) नेपाली राजदूतावासमा बुझाएको नेपाली कागजमा लेखिएको सक्कल निवेदन। | तीनपुस्ते भित्र- ३१२.५०।-<br>तीन पुस्तेभन्दा अन्यको | १ कार्य दिन | निवेदक स्वयं उपस्थित हुनुपर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग) नेपाली कागजमा लेखिएको दुइ प्रति सक्कल वारेश पत्र।<br>घ) अचल सम्पत्तिसम्बन्धी कागजात जस्तैः लालपूर्जा, सवारी साधन दर्ता आदिको छायाँप्रति। | ३१२५ | | |
| ११. | एक तर्फी यात्रा अनुमति पत्र | क) निवेदन।<br>ख) नागरिकता वा राहदानीको छायाँप्रति।<br>ग) २ वटा फोटो।<br>**बच्चाको हकमा**<br>- बुवा-आमाको नागरिकता वा राहदानीको छायाँप्रति।<br>- बुवा-आमाको विवाह दर्ताको छायाँप्रति।<br>- बच्चाको नाबालक प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्रको छायाँप्रति। | ४५००।—<br><br>- राहदानी हराएर, च्यातिएर वा नासिएर अलपत्र परेका नागरिकको तत्काल उद्धार गर्नुपरेमा **निःशुल्क**। | १ कार्य दिन | |
| १२. | राहदानी आवेदन | क) रीतपूर्वक भरिएको अनलाइन आवेदन फाराम।<br>ख) अनलाइन फाराम भर्नका लागि राजदूतावासको वेबसाइटः https://in.nepalembassy.gov.np मा जाने।<br>• Services मा Click गर्ने।<br>• Passport मा गई राहदानीका लागि आवेदन फाराम भर्ने। | क) पहिलो पटक वा नवीकरणका लागि<br>- चौतीस पृष्ठको हकमा ७०००।—<br>- छैसट्ठी पृठको हकमा १४,०००।— | | - जिल्ला प्रशासन कार्यालयबाट प्राप्त नागरिकताको आधिकारिकता सम्बन्धी पत्र। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **ग) राहदानी नवीकरणका लागि अनलाइन फाराम भर्दा अपलोड गर्नुपर्ने कागजातहरू:-**<br>- पूरानो राहदानीको पहिलो र अन्तिम पृष्ठ।<br>- नागरिकताको अगाडि र पछाडिको पृष्ठ।<br>**घ) पहिलो पटक राहदानीका लागि अनलाइन फाराम भर्दा अपलोड गर्नुपर्ने कागजातहरू:-**<br>- नागरिकताको अगाडि र पछाडिको पृष्ठ।<br>ङ) राहदानीका लागि आवेदन फारम भरिसकेपछि तोकिएको दिनमा आवेदक स्वयं राजदूतावासमा उपस्थित हुनुपर्ने।<br>च) पहिलो पटक राहदानीका लागि आवेदन दिनेहरूका हकमा आवेदकको राहदानीको आधिकारिकताका सम्बन्धमा राजदूतावासले सम्बन्धित जिल्ला प्रशासन कार्यालय पत्राचार गरी जवाफ प्राप्त भएपश्चात् प्रक्रिया अघि बढाइने। | - दश वर्ष भन्दा कम उमेरका नाबालकको हकमा- **आधा दस्तुर**<br>- पाना च्यातिएको केरमेट भएको वा अन्य कारणले राहदानीमा क्षति पुर्याएको वा हराएको कारणले नयाँ राहदानी बनाउनु परेमा- **दोब्बर दस्तुर** | | - आवेदकको फोटो राजदूतावासमा नै खिचिने। |
| १३. | नागरिकता परित्याग | क) सक्कल नागरिकता प्रमाणपत्र र छायाँप्रति।<br>ख) रीतपूर्वक भरिएको नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची ९ को उपनियम (१) मा उल्लेख भएबमोजिमको फाराम- ४ प्रति।<br>ग) पासपोर्ट साइजको फोटो- ४ प्रति । | ३५००।- | १ कार्य दिन | व्यक्तिको निवेदन फाराम र सक्कल नागरिकता आवश्यक कार्यवाहीका लागि परराष्ट्र मन्त्रालयमा पठाउने गरिको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ) राहदानी परित्यागका लागि आवेदन गर्न व्यक्ति स्वयं उपस्थित हुनुपर्ने। | | | |
| १४. | भिसा | क) **पर्यटक भिसा**का लागि कम्तिमा ६ महिना वहाल अवधि रहेको सक्कल राहदानी र छायाँप्रति।<br>ख) https://nepaliport-new.immigration.gov.np/online-visa-missionManage/application मा गई रीतपूर्वक भरेको भिसा आवेदन फाराम।<br>ग) नेपालमा On-Arrival भिसा सुविधा प्राप्त नहुने मुलुकका नागरिकहरूका हकमा नेपालका सम्बन्धित सरकारी, गैर सरकारी वा निजी क्षेत्रका आधिकारिक निकाय वा व्यक्तिका तर्फबाट प्राप्त निमन्त्रणा पत्र, भ्रमणको उद्देश्य खुलाइएको निवेदन तथा होटल बुकिङको प्रमाण। | १५ दिनको भिसाका लागिः- २,६००।—<br>३० दिनको भिसाका लागिः- ४,५००।—<br>९० दिनको भिसाका लागिः- ११,०००।- | १ कार्य दिन। | नेपालमा On-Arrival भिसा सुविधा प्राप्त नहुने मुलुकहरूः-<br>नाइजेरिया, घाना, जिम्बावे, स्वाजील्याण्ड, क्यामेरुन, सोमालिया, लाइबेरिया, इथियोपिया, इराक, प्यालेस्टाइन, सिरिया, अफगानिस्तान, यात्रा अनुमतिपत्र वाहक शरणार्थीहरू |

**पुनश्च**

१. कुनै पनि प्रकारको सेवाका लागि सेवाग्राहीहरूले आवश्यक कागजातहरू रिसेप्सनमा बुझाउनुपर्ने छ।

२. कागजातहररुको चेक जाँच गरी रीतपूर्वक मिलाउन बाँकी भएको खण्डमा आवश्यक जानकारी दिई पूरा गर्न लगाउने र मिलेको खण्डमा Block A मा रहेको Consular Section मा पठाइने छ। कन्सुलर सेवासम्बन्धी सम्पूर्ण कामहरू उक्त शाखाबाट सम्पादित हुन्छन्।

३. राहदानी सेवाका सन्दर्भमा राहदानी आवेदनका लागि प्रकृया पूरा भएको खण्डमा Biometrics विवरण लिने, फोटो खिच्ने र अन्य काम राजदूतावासको मुख्य भवनको भुइँतल्लामा सम्पादन हुन्छ।

**राजदूतावासको इमेल तथा सम्पर्क नं.**

इमेलः consularnepalembassy@gmail.com, eonnewdelhi@mofa.gov.np

राजदूतावाससँग सम्बन्धित कुनै पनि विषयको जानकारीका लागिः- 011 23476200, 011 23476250

**अन्य तोकिएका सेवासम्बन्धी जानकारीका लागि** (कार्यालय समय भित्र)

- अधिकृत वारेशनामा, नागरिकता परित्याग, मृतकको शव नेपाल लैजान वा भारतमै दाहासंस्कार गर्न आवश्यक पर्ने NOC, भिसा, अंग प्रत्यारोपणका लागि आवश्यक सिफारिस पत्र आदिको सम्बन्धमाः- 01123476**232**
- सबै प्रकारका कागजात प्रमाणीकरण, राहदानी आवेदन, वैदेशिक भ्रमणका लागि आवश्यक पर्ने NOC लगायतका विषयमाः- 01123476**221**
- खोजतलास तथा उद्धार, विभिन्न प्रकारका ठगी वा अन्य आपराधिक गतिविधिबाट उत्पन्न समस्याका विषयमाः- 01123476**234**
- आधार कार्ड, भारतीय बैंकमा खाता खोल्न, भारतका विभिन्न अस्पलातमा उपचारमा सहजीकरण, एकतर्फी यात्रा अनुमति पत्र लगातका विषयमाः- 01123476**226**
- शैक्षिक वा सांस्कृतिक विषयसँग सम्बन्धित जानकारीका लागिः- 01123476**239**
- गुनासो सुन्ने अधिकारी- 01123476**215**